# तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं. २०७९/८०

च.नं.

## सेवा करारमा लिने सम्बन्धि सूचना

**प्रकाशित मति २०७९/१२/१४**

यस कार्यालयले देहायका पदमा सेवा करारमा लिनु पर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरुले मिति २०७९/१२/२९ गतेसम्म कार्यालय समयभित्र यस कार्यालयमा दरखास्त पेश गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम, कार्यविवरण र सेवाशर्तको विस्तृत विवरण गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको वेवसाइट http://www.tumwewamun.gov.np बाट उपलब्ध हुनेछ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं | सेवा करारमा लिने पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९/०७९/८० | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैटौं | १ (एक) | |
| २ | १०/०७९/८० | प्राविधिक सहायक (कृषि) | सहायकस्तर पाँचौं | १ (एक) | |
| ३ | ११/०७९/८० | नायब प्राविधिक सहायक (कृषि) | सहायकस्तर चौथो | १ (एक) | |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :**

(क) **कृषि स्नातक प्राविधिक पदको लागि :** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तिर्ण भएको।

(ख) **प्राविधिक सहायक पदको लागि :** मान्यताप्राप्त शैक्षिक संस्थाबाट लोक सेवा आयोगले निर्धारण गरेको सम्बन्धित पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

ग) **नायब प्राविधिक सहायक पदको लागि :** मान्यताप्राप्त शैक्षिक संस्थाबाट लोक सेवा आयोगले निर्धारण गरेको सम्बन्धित पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

२. **उम्मेदवारको उमेर हद :**

क) **कृषि स्नातक प्राविधिक पदको लागि :** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला तथा अपाङ्गता भएको व्यक्तिको लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

ख) **प्राविधिक सहायक र नायब प्राविधिक सहायक पदको लागि :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएको व्यक्तिको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. **परीक्षा दस्तुर :** दरखास्त साथ अधिकृतस्तर छैठौं तहको लागि रु. १०००।- (अक्षरेपी एक हजार रुपैयाँ मात्र), सहायकस्तर पाचौं तहको लागि रु. ४००।-(अक्षरेपी चार सय रुपैयाँ मात्र) र सहायकस्तर चौथो तहको लागि रु. ३००।- (अक्षरेपी तीन सय रुपैयाँ मात्र ) गाउँ कार्यपालिकाको कार्यालयमा नगद बुझाएको रसिद वा यस कार्यालयको प्राइम कमर्सियल बैंक तुम्बेवा शाखा, पाँचथरमा रहेको ग १.१ आन्तरीक राजश्व खाता नं. ०७४००२४१CA मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

४. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रम (Shortlisting) को सूचि प्रकाशन, लिखित तथा अन्तवार्ता।

५. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणीत गरेको देहाय बमोजिमको कागजातका प्रतिलिपिहरु -

क. नेपाली नागरिकताको प्रमाण-पत्र

ख. न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाण पत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. अनुभव भए सोको कागजात

ङ. तालिमको प्रमाणपत्र

६. **सेवा सुविधा तथा अन्य :** सम्बन्धित पदको लागि नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केल तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम अन्य सेवासुविधा।

**पूनश्च :** रितपूर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। परीक्षा हुने मितिको सूचना कार्यालयको वेवसाइट http://www.tumwewamun.gov.np मा दरखास्त पेश गर्ने मिति समाप्त भए पश्चात प्रकाशित गरिनेछ। थप जानकारीका लागि यस कार्यालयमा उपस्थित हुन वा मोवाइल नं. (९८१५९०९८९८) मा सम्पर्क गर्न सकिनेछ।

........१२।१४

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत